का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ पुस २०८०,
सोमबार
8 January 2024,
Monday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २१, अंक ३३४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संसदमा संविधान संशोधनको बहस

संविधान निर्माणमा फरक मतसमेत राखेका दलहरु कुनै न कुनै रुपमा संविधान संशोधनको आवश्यकता औंल्याइरहेका छन् । यही बेला रास्वपाका सांसदहरुले समेत संशोधनका लागि दबाब सिर्जना गर्न थालेका हुन् ।



संवैधानिक परिषद्मा प्रधानन्यायाधीश रहनु उचित देखिएन । उपसभामुखको पनि आवश्यकता छैन । संविधान संशोधन गरौं र दुवैलाई परिषद् सदस्यबाट बिदा गरौं ।

**रघुजी पन्त**
सांसद, एमाले



संवैधानिक परिषद्को निर्णय र त्यसबाट परिपक्क नियुक्ति सिफारिसका लागि संविधान संशोधनको "प्यान्डोरा बक्स" खोल्नुपर्छ । यसका लागि तयार हुने हो भने त्यस अनुसार छलफल अगाडि बढाऔं ।

**सोबिता गौतम**
सांसद, रास्वपा

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २२ पुस ।

आइतबार संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा संवैधानिक परिषदको काम कर्तव्य र अधिकार सम्बन्धी विधेयकमाथि छलफल थियो । संवैधानिक परिषदको बैठक बस्ने गणपुरक अगाडि बढाऔं' उनको प्रस्ताव छ ।

नेकपा एमालेका सांसद रघुजी पन्तले पनि संविधान संशोधनकै आवश्यकता औंल्याए । संविधान संशोधन गरेर संवैधानिक परिषदबाट प्रधानन्यायाधीश र उपसभामुखलाई बिदा गर्नुपर्ने उनको प्रस्ताव छ ।

'जसले नियुक्ति सिफारिस गऱ्यो आवश्यक छैन, यो पनि हटाऔं ।'

प्रधानमन्त्रीको अध्यक्षमा हुने परिषदमा प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता र प्रतिनिधि सभाको उपसभामुख सदस्य हुन्छन । यसले प्रधान



संख्या र निर्णयका लागि आवश्यक मतको सन्दर्भमा केन्द्रित रहेको विधेयकमाथिको बहसमा सांसदहरुले संविधान संशोधनकै आवश्यकता औंल्याएर संविधानमाथिको बहस चलाएका छन् ।

संवैधानिक परिषद राजनीतिक भागवण्डा गर्ने थलोको रुपमा विकास भएको बताउँछिन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सोबिता गौतम । 'संवैधानिक परिषदको निर्णय र त्यसबाट परिपक्क नियुक्ति सिफारिसका लागि संविधान संशोधनको प्यान्डोरा बक्स खोल्नुपर्छ । यसका लागि तयार हुने हो भने त्यस अनुसार छलफल उसका सम्बन्धमा मुद्दा पर्दा उसैले (संवैधानिक इजलासमा) मुद्दा हेर्ने र ठीक र बेठीक भनी फैसला गर्नुपर्ने भयो । यसकारण समस्या भएको अभ्यासमा देखियो । यसकारण संविधान संसोधन गरौं र संवैधानिक परिषदको सदस्यबाट प्रधान न्यायाधीशलाई बिदा गरौं', समिति बैठकमा एमाले सांसद पन्तले भने ।

तत्कालीन अवस्थामा दलीय उपस्थितिलाई हेरेर परिषद सदस्यमा उपसभामुलाई पनि राखिएको उल्लेख गर्दै उनले भने, 'अहिले महिला हुनुहुन्छ त्यसकारण मैले भनेको होइन । तर यो पदको व्यक्ति संवैधानिक परिषदमा अहिले न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्दछ । प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने बैठकमा भने नेपाल सरकारको कानून तथा न्याय मन्त्री सदस्यको रूपमा रहन्छन् ।

यो परिषदको कामकारबाही राजनीतिक भागवण्डाको आधारमा हुने गरेको भन्दै सांसदहरुले संविधान संशोधन गरेर आवश्यक व्यवस्था परिमार्जन र थप गर्नुपर्ने आवश्यकता औंल्याएका हुन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गणपुरक संख्या पुऱ्याउन नसकेको पृष्ठ २ मा

राष्ट्रिय सभा चुनाव

# भागबण्डा मिलाउनै सकस

सत्ता गठबन्धनमा भागबण्डा टुंगो लगाएपछि आन्तरिक छलफलमा जुटेको कांग्रेसभित्र उम्मेदवार छनोट गर्ने विषयलाई लिएर संस्थापन र संस्थापन इत्तर समूहबीच रस्साकस्सी भएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ पुस ।

राष्ट्रिय सभाको चुनावको विषयलाई लिएर नेपाली कांग्रेसभित्र किचलो भएको छ । सत्ता गठबन्धनमा भागवण्डा टुंगो लगाएपछि आन्तरिक छलफलमा जुटेको कांग्रेसभित्र उम्मेदार छनोट गर्ने विषयलाई लिएर संस्थापन र संस्थापन इत्तर समूहबीच रस्साकस्सी भएको हो ।

सत्तागठबन्धनमा भएको सहमति अनुसार १० सिटमा कांग्रेसका उम्मेदवार हुनेछन् । ६ सिटमा माओवादी केन्द्रका उम्मेदवार, दुई सिटमा एकीकृत समाजवादी र एउटा सिटमा जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार हुनेछन् ।

१९ सिटका लागि हुन लागेको चुनावमा सुरुमा एमाले समेतको सहमतिमा भागवण्डाको प्रयास भएको थियो । एमाले समेतको महागठबन्धन हुन नसकेपछि सत्ता



गठबन्धनमा रहेका दलहरुका बीचमा भागवण्डा भएको हो ।

भागवण्डामा कांग्रेसले पाएको १० सिटमध्ये ४ सिटमा आफ्नो पक्षको हुनुपर्ने शेखर कोइराला र गगन थापा समूहको मागका कारण उम्मेदवार छनोटका सन्दर्भमा कांग्रेसभित्र किचलो भएको हो ।

कांग्रेस बाहेक गठबन्धनमा रहेका दलहरुले राष्ट्रिय सभाका उम्मेदवार तय गरेका छन् । माओवादी केन्द्रले आफूले पाएको छ वटै सिटका लागि उम्मेदवारको नाम सार्वजनिक गरिसकेको छ । जसपाले पनि उम्मेदवारको टुंगो लगाएको छ ।

## एमाले र राप्रपाको आफ्नै उम्मेदवार





सत्ता गठबन्धनसँगै मिलेर केही सिटमा उम्मेदवारी दिने विषयमा छलफल चलाएपछि भएको सार्वजनिक आलोचना र प्रश्नका बीच एमाले एक्लै राष्ट्रिय सभाको चुनावमा होमिएको छ ।

४ मंसिर २०७९ मा भएको प्रतिनिधि सभाको चुनावमा तालमेल गरेको राप्रपा र एमालेबीच पनि राष्ट्रिय सभाको चुनावमा तालमेल भएको छैन । दुवै पार्टी पृष्ठ २ मा

## आज उम्मेदवारी दर्ता
## २०४७ मतदाता

माघ ११ गते हुने चुनावका लागि आज मनोनयन दर्ताको समय छ । राष्ट्रियसभा निर्वाचनमा २०४७ जनाले मतदान गर्ने छन् । निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम मतदाता नामावली अनुसार प्रदेशसभा सदस्य ५४९ र स्थानीय तहका प्रमुख र उपप्रमुख गरी १४९८ जनाले मतदान गर्ने गर्ने भएका हुन् ।

सबैभन्दा धेरै मतदाता भने मधेश प्रदेशमा रहेका छन् । मधेशमा प्रदेशसभा सदस्य १०७ जना र स्थानीय तहका प्रमुख र उपप्रमुख २६७ जना गरी कुल ३४७ जना मतदाता रहेका छन् ।

त्यस्तै कोशीमा ९३ जना प्रदेशसभा सदस्य र २७४ जना स्थानीय तहका जनप्रतिनिधि गरी ३६७ जना मतदाता रहेका छन् । बागमतीमा ११० जना प्रदेशसभा सदस्य पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## दूतावासबाट प्रमाणीकरण नभएका मागपत्र मन्त्रालयद्वारा प्रमाणीकरण शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विदेशस्थित नेपाली दूतावास तथा महावाणिज्यदूतावासबाट प्रमाणीकरण नभएका मागपत्र प्रमाणीकरण प्रक्रिया शुरु गरेको छ । मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा गठित मागपत्र प्रमाणीकरण समितिका सदस्य सचिव कृष्णप्रसाद भुसालले दूतावासमा १५ दिन पहिले पेश भएका तर प्रमाणीकरण नभएका मागपत्र मन्त्रालयको समितिमा पेश गर्न एक सूचनामार्फत वैदेशिक रोजगार व्यवसायीहरुलाई आग्रह गरेका छन् ।

व्यवसायीले मन्त्रालयद्वारा गठित समितिमा पेश गर्ने फाइलमा आवेदन साथ हालै जारी गरिएको वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि २०८० को अनुसूची २ मा उल्लेखित कागजात अनिवार्यरुपमा पेश गर्नुपर्ने सूचनामा पृष्ठ २ मा

## संघमा मैत्रीपूर्ण बाझाबाझ

**काठमाडौं/मस–** वैदेशिक रोजगारको क्षेत्रमा सुधारको एक सूत्रीय एजेण्डामा गत निर्वाचनमा नेतृत्व हात पारेको संघको वर्तमान कार्यसमितिले अर्को हप्ता एकवर्षे कार्यकाल पूरा गर्दैछ । गत वर्ष माघ ७ गते नेतृत्वमा निर्वाचित भएयताका एक वर्ष अध्यक्ष राजेन्द्र भण्डारी विभिन्न प्रकृतिका सयौं छलफलमा सहभागी छन् ।

आइतबार पनि उनी छलफलमै थिए । विषय भने फरक थियो । छलफलको केन्द्रमा थियो- गणतान्त्रिक मञ्चका संरक्षक तथा सदस्य अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक ईश्वर जिसीको पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

मलेसियाको निजी कम्पनी FWWMC (Foreign worker welfare management center) र वैदेशिक रोजगार बोर्ड सचिवालयबीच नेपाली कामदारहरु र मलेसियाका रोजगारदाताहरुको सम्पूर्ण तथ्यांक राख्नेबारेमा सम्झौता भएको भन्ने समाचारप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । कामदारको भलाइमा काम गर्ने सरकारी संस्था वैदेशिक रोजगार बोर्ड सचिवालयले मलेसियाको निजी कम्पनीसँग सम्झौता गर्नु गैरकानूनी हो । वैदेशिक रोजगार बोर्ड सचिवालयका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती र FWWMC का प्रतिनिधिबीच गोप्य ढंगले गरिएको सम्झौतालाई यस संघ गम्भीररुपमा लिइ उक्त कार्यको घोर आपत्ति जनाउँदछ । नेपालीहरुको आकर्षक गन्तव्य मुलुक मलेसियाको रोजगारीमा एकाधिकार जन्माउन विभिन्न कालखण्डमा विभिन्न तरिकाबाट असफल प्रयत्न हुने गरेको इतिहास छ । एकाधिकार कायम गर्ने गिरोहले कामदारको कल्याणकारी लाभको ललिपप देखाएर सो संस्थाबाट मलेसिया रोजगारीलाई आफ्नो मातहतमा ल्याइ एकाधिकार कायम गराउने नियोजित योजनाको भुमरीमा बोर्डका कार्यकारी निर्देशक फसेको देखिन्छ । यस्ता सिण्डिकेटधारीले ल्याएको योजनाबारे यस संघलगायत विभिन्न संस्थाहरुसँग छलफल र जानकारी बिना गोप्य सम्झौता गर्नुमा आपत्ति छ, साथै सम्झौताका बारेमा गम्भीर प्रश्न उब्जिएको छ । सम्पूर्ण साझेदार संस्थाहरुसँग छलफल र अध्ययन बिना हतारमा निर्णय गर्नु गलत र त्रुटिपूर्ण रहेको हाम्रो ठम्याइ छ । कल्याणकारी कार्यको नाम धारण गरी चोर बाटोबाट विवादास्पद व्यक्तिसँग जोडिएको निजी कम्पनीसँग भएको सम्झौताले भविष्यमा मलेसियाको रोजगारीमा एकाधिकार कायम गर्ने आधार तय भएको देखिन्छ । अझ मलेसियाको रोजगारदाता र कामदारको व्यक्तिगत विवरण निजी कम्पनीलाई रेकर्ड राख्न दिनु त्रुटिपूर्ण रहेको छ । यस्ता विवादास्पद निर्णय सम्झौता गर्ने कार्य बोर्डको कार्यकारी निर्देशकको क्षेत्राधिकार नभएकोले उक्त सम्झौता तुरुन्तै खारेज गर्न कार्यकारी निर्देशकसँग माग गर्दछौं । विवादास्पद सम्झौता नसच्याएमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्ने यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछौं ।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

## TENDER INVITATION

TENDER TITLE: Service Provider for Manpower Recruitment to be employed in Malaysia

Tender Number: MAXHR TENDER – 001

Companies registered under the Office of Company Registrar (OCR) in Nepal are invited to submit tender as Manpower Recruitment Service Provider via Google Form

| Main Criteria | Tender Notice |
|---|---|
| Companies licensed for the foreign workers recruitment by Ministry Of Labour, Employment and Social Security, Nepal | Open Tender Submission: 08 January 2024 (Monday) at 9.00 am<br>Close Tender Submission: 19 January 2024 (Friday) at 5.00 pm<br>Please email to yennie.lee@maxter.com.my or jerry.liew@maxter.com.my if you are interested to tender your application, an invitation link to Google Form will be sent to you via email |

1. Interested companies are invited to attend (optional) a tender briefing as follows:

| Date | Time | Venue |
|---|---|---|
| 10 January 2024 (Wednesday) | 11.15 am (Malaysian Time) | Virtual Meeting using Google Meet (Please email to yennie.lee@maxter.com.my by 09 January 2024 (Tuesday) before 5.00 pm for meeting link) |

2. Tender Document via Google Form will be sent to you via email invitation link if you are interested. Please send your intention email to yennie.lee@maxter.com.my or jerry.liew@maxter.com.my for the invitation link.
3. You can fill up the Google Form and submit to us. You are only allowed to submit once via your registered email address. We will not accept duplicate application from a same organization.
4. Maxter Glove Manufacturing Sdn. Bhd. (Supermax), is not bound to accept all or part of the offer or any of the lowest offers and all costs of preparing the offer shall be borne by the Tenderer.
5. Manpower Recruitment Service Provider has experience in manpower recruitment for Manufacturing Industry to Malaysia will have added advantage.

# ‘प्रहरी दक्ष र व्यावसायिक हुनु राज्य र आमनागरिक लाभान्वित हुनु हो’

**पाल्पा/मस–** प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले स्रोत साधन र संरचनाहरूको अभावमा समेत कुनै सम्झौता नगरी नेपाल प्रहरीले आफ्ना जिम्मेवारी पूरा गर्दै आइरहेको बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय पाल्पा परिसरमा नवनिर्मित निवास, ब्यारेक, हिरासत कक्ष तथा भान्साघर लगायतका भवनहरूको उद्‌घाटन गर्दै उनले नव-निर्मित संरचनाहरूले प्रहरीलाई थप हौसला उर्जा र मनोवलका साथ व्यवसायिक तवरले स्तरीय सेवा प्रवाह गर्न मद्दत मिल्ने विश्वास व्यक्त गरे ।

संगठनलाई आवास तथा भौतिक पूर्वाधारमा आत्मनिर्भर बनाइ प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धिदेखि वैज्ञानिक र प्राविधिक उपकरणहरूको प्राप्ति र प्रयोगबाट संगठनलाई संस्थागत रूपमा मजबुँद, दक्ष र सक्षम बनाउन नेपाल प्रहरी प्रधान कार्यालय सदैव कटिवद्ध र प्रयासरत रहेको बताए ।

प्रहरी महानिरीक्षक कुँवरले प्रहरी दक्ष, सक्षम र व्यावसायिक हुनु भनेको राज्य र आमनागरिकहरू लाभान्वित हुनु हो र यसले समस्त देश र दीगो विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह हुने निश्चित रहेको उल्लेख गरे । सुरक्षाको अभावमा शान्ति र शान्तिको रिक्ततामा समृद्धि प्राप्तिको यात्रा पक्कै पनि सहज नहुने चर्चा गर्दै उनले भने, ‘सुरक्षा निकाय उपर हुने लगानी अन्ततः राष्ट्रको समृद्धिको यात्रातर्फको एक कोशेढुंगा हो भनेर सबैले बुझ्न जरूरी छ ।’






लुम्बिनी प्रदेश प्रहरी कार्यालयका दाङका प्रमुख प्रहरी नायव महानिरीक्षक उमेशराज जोशीले धन्यवाद मन्तव्य व्यक्त गरेको उक्त कार्यक्रममा पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले र रामपुर नगरपालिकाका प्रमुख रमण बहादुर थापा लगायतले आ-आफ्नो शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी उपरीक्षक हेरम्ब शर्माले स्वागत मन्तव्य व्यक्त गरेको उक्त कार्यक्रममा प्रहरी नायव उपरीक्षक ई.रोशन सारूले भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । नेपाल सरकारको नियमित बजेटबाट कुल ६ करोड ९५ लाख ५५ हजार ४ सय ३९ रूपैयाँ ३१ पैंसाको लागतमा उक्त भवनहरू निर्माण कार्य सम्पन्न भएको हो ।

उद्‌घाटन समारोहमा जिल्लाका १० वटै पालिकाका प्रमुखहरू, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरू, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरू, पूर्व प्रहरी कर्मचारीहरू, स्थानीय समाजसेवी, भद्रभलादमी, संचारकर्मी एवं स्थानीयवासीहरूको उपस्थिति रहेको थियो ।

# उपभोक्ता हित समितिको उपसमिति बनाउनेबारे छलफल




**काठमाडौं/मस–** प्रतिनिधिसभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिले आफ्ना कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि उपसमिति बनाउनेबारे आइतबारको बैठकमा छलफल गरेको छ ।

समितिका सभापति अब्दुल खाँनले समितिमा उठेका विषयवस्तुलाई प्राथमिकता राखी काम गर्न उपसमिति आवश्यक रहेको बताए । उनले समितिका सदस्यले आवश्यक ठानेमा उपसमिति चाँडै बनाउने कुरा व्यक्त गरे । उनले भने,‘समितिमा आएका विषयवस्तुको जरैसम्म पुग्नका लागि उपसमिति बनाउन खोजिएको हो । यसमा सदस्याहरुको ठोस सल्लाह सुझाव आएपछि थप निर्णय गर्नेछौं ।’

समितिका सदस्य रमा कोइराला पौड्यालले उपसमिति आवश्यक नरहेको धारणा व्यक्त गरिन् । आफ्नो समितिअन्तर्गतका महत्वपूर्ण मुद्दालाई पन्छ्याएर उपसमिति बनाउनेबारे छलफल गर्न आवश्यक नरहेको उनको भनाइ थियो । उनले भनिन्, ‘बालकुमारी घटना, व्यापारीको उद्योगमा विद्युत् काटेको विषयवस्तुलगायत समस्यालाई समितिमा छलफलको विषयवस्तु बनाउनुपर्छ । अहिले उपसमिति बनाउनेतिर लाग्न आवश्यक छैन ।’

समितिका सदस्य शान्ती चौधरीले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिलाई उपसमिति आवश्यक रहेको बताइन् । उनले समितिको उपसमितिलाई छिटो पूर्णता दिनसके समितिको काममा केही सहजता हुनसक्ने धारणा व्यक्त गरिन् । समितिका सदस्य अमृता देवी अग्रहरीले समितिका कामलाई थप प्रभावकारी बनाउन उपसमिति आवश्यक रहेको बताइन् । मूल समितिमा बसेर पनि आवश्यकताअनुसार उपसमितिको काममा सदस्यले सहयोग गरेमा उपसमितिको प्रभाव देखिनसक्ने उनले बताइन् ।

# भुसाल दाजुभाइद्वारा अक्षय कोष स्थापना

**अर्घाखाँची/मस–** वरिष्ठ समाजसेवीद्वय बसन्त भुसाल र कृष्णप्रसाद भुसालले आफ्नो स्वर्गीय बाबु-आमाको स्मृतिमा अक्षय कोष स्थापना गरेका छन् ।

निर्माण व्यवसायी संघ अर्घाखाँचीका अध्यक्ष , सामाजिक क्षेत्रमा क्रियाशील युवा व्यवसायी बसन्त र साथी बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्णप्रसादले स्वर्गीय बुबा-आमा भोजराज भुसाल र आमा पवित्राको स्मृतिमा अक्षय कोष स्थापना गरेका हुन् ।



बुबाको पहिलो वार्षिक पुण्यतिथिमा साथी बचत तथा ऋण सहकारी संस्थामा दश लाख रुपैयाँको अक्षय कोष स्थापना गरिएको हो । साथै उनीहरुले नेपाल हृदय रोग निवारण प्रतिष्ठान जिल्ला शाखा अर्घाखाँचीलाई एउटा अक्सिजन कन्सनटेटर मेसिन हस्तान्तरण गरेका छन् । दश लाखको वार्षिक ब्याजबाट गरिब तथा असहायलाई सहयोग, जटिल प्रकारका रोग लागेकालाई उपचार खर्चलगायत विभिन्न सामाजिक कार्यमा खर्च गरिने भुसाल दाजुभाइद्वयले बताएका छन् ।

# गोदाममै थन्कियो ७१ मेट्रिकटन मल

**नवलपरासी/मस–** हिउँदेबाली लगाउनका लागि ल्याइएको मललाई बिक्रेताले नलगेपछि गोदाममै थन्किएको छ । पश्चिम नवलपरासीको कृषि सामग्री कम्पनी लिमिटेड, नवलपरासीले हिउँदे बालीका लागि ल्याएको मल जिल्लास्थित बिक्रेता संस्था (सहकारी) ले नलगेपछि गोदाममा थन्किएको जनाएको छ ।

जिल्लाका नौ बिक्रेता संस्थाले युरिया र डिएपी मल नलगेकाले गोदाममा ७१ मेट्रिक टनभन्दा बढी थन्किएको लिमिटेडका प्रमुख नरहरि पोखरेलले जानकारी दिए ।




उनका अनुसार हिउँदे बाली गँहु, तोरी, मसुरो तथा उखुका लागि ल्याइएको मल थन्किएको हो ।

‘धेरैपटक पत्राचार गर्दा पनि सहकारी संस्थाले मल लिन नमानेपछि उहाँहरुको भागमा परेको मल गोदाममै राख्नुपरेको छ’, पोखरेलले भने, ‘जिल्लामा रहेका साबै पालिकाले आ-आफ्नो पालिकाभित्र रहेका बिक्रेता संस्थाको नामसहित निश्चित परिमाणमा मल दिने भनेर कृषि सामग्री कम्पनीलाई पत्र पठाएको थियो ।’

उक्त पत्र अनुसार लिमिटेडले बिक्रेता संस्थालाई मल वितरण सुरु गरेको थियो । नौ बिक्रेताका नाममा रहेको मल उनीहरुले नलगेपछि करिब ७१.३ मेट्रिक टन गोदाममा थन्किएको छ । प्रमुख पोखरलेका अनुसार रामग्राम नगरपालिकाभित्र रहेका परासी आदर्श बहुद्देश्यी, त्रिदेव बचत तथा ऋण, पाल्हीनन्दन बचत तथा ऋण, र साना किसान कृषि सहकारी संस्थाले मल उठाएको छैनन् ।

सुनवल नगरपालिकाका स्वाठी र प्रतापपुरको रामजानकी कृषि सहकारी संस्थाले मल उठाएका छैनन् । पाल्हीनन्दन गाउँपालिकाको कुश्मा बचत, परासिया कृषि बचत तथा ऋण र सनही कृषि सहकारी संस्था गरी नौ संस्थाले मल उठाउन बाँकी रहेको जनाइएको छ ।

कम्पनीले अहिलेसम्म चार पटक गरी मल वितरण गरेको छ । प्रतापपुरको रामजानकी संस्थाले हालसम्म एक पटक पनि मल नलगेको प्रमुख पोखरेलले बताए ।

## संसदमा ...

भन्दै दुई पटकसम्म अध्यादेश ल्याएर संवैधानिक निकायहरुमा नियुक्ति सिफारिस गरेका थिए ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा समेतको उपस्थितिमा भएको उक्त नियुक्ति सिफारिसउपर अदालतमा परेको मुद्दाका सन्दर्भमा उनले हेर्न नमिल्ने कि नमिल्ने भनी प्रश्न उठेको थियो । संवैधानिक इजलास प्रधान न्यायाधीशकै नेतृत्वमा बस्नुपर्ने भएकाले पनि यस्तो प्रश्न उठेको हो । जसको निरुपण भएको छैन ।

यही ५२ जनाको नियुक्तिका लागि गणपुरक संख्या पुऱ्याउन संवैधानिक परिषदका सदस्यहरुबाट असहयोग भएको भन्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेश ल्याएर तीन जना (राष्ट्रिय सभाका अध्यक्ष, पधान न्यायाधीश र आफू) कै उपस्थितिमा संवैधानिक परिषदको बैठक बस्न र निर्णय गर्न सक्ने गरी अध्यादेश ल्याएका थिए । दुई पटक जारी भएको अध्यादेशले खारेज भएका व्यवस्था जाग्न सकेको छैन ।

यस सम्बन्धमा आएको विधेष्यकमाथिको छलफलमा सांसदहरुले संविधान संशोधनकै विषय उठाएका हुन् । संविधान निर्माणमा फरक मत समेत राखेका दलहरु कुनै न कुनै रुपमा संविधान संशोधनको आवश्यकता औंल्याइरहेका छन् । यही बेला रास्वपाका सांसदहरुले समेत संशोधनका लागि दवाव सिर्जना गर्न थालेका हुन् । संचार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार अध्यादेशले खारेज गरेका व्यवस्था जगाउनका लागि सरकारले विधेयक ल्याएको हो ।

‘परिषदका सबै सदस्य तयार हुँदा बैठक बस्न र निर्णय लिन सक्छ । तर, एक जना मात्रै असहमत हुँदा गणपुरक संख्या र निर्णय लिनका लागि कानुनी आधार छैन । यसकारण यो विधेयकको महत्व ज्यादा छ’ समितिको बैठकमा मन्त्री शर्माले भनेकी छन् । संविधान संशोधनको मागका सम्बन्धमा भने सरकारको प्रवक्ता समेत रहेकी मन्त्री शर्मा मौन रहेकी छन् ।

## एमाले...

एक्लया एक्लै चुनावमा होमिएका हुन् ।

राप्रपाले पनि चुनावका लागि उम्मेदवार तय गरेको छ । आवश्यकताका आधारमा एक्लै चुनावमा होमिएको दुवै पार्टीका नेताहरुको प्रतिक्रिया छ ।

## आज...

र २३७ जना स्थानीय तहका जनप्रतिनिधि गरी ३४७ मतदाता छन् । गण्डकीमा ६० प्रदेशसभा सदस्य र १७० स्थानीय तहका जनप्रतिनिधि गरी २३०, लुम्बिनीमा ८७ प्रदेशसभा सदस्य र २१८ स्थानीय तहका जनप्रतिनिधि गरी ३०५ जना मतदाता छन् ।

कर्णालीमा ४० प्रदेशसभा सदस्य र १५६ स्थानीय तहका जनप्रतिनिधि गरी १९६ जना र सुदूरपश्चिममा ५२ प्रदेशसभा सदस्य र १७६ जना स्थानीय तहका जनप्रतिनिधि गरी २२८ जना मतदाता रहेका छन् ।

## दूतावासबाट...

उल्लेख छ । कार्यविधिको अनुसूची २ मा मागपत्र, पावर अफ एटर्नी, रोजगार सम्झौता, लेटर अफ ग्यारे, इन्ट्रापार्टी एग्रिमेन्ट, चेम्बर अफ कमर्शसहित गन्तव्य मुलुकको मागपत्र प्रमाणित गर्ने निकाय, रोजगारदाताको दर्ता प्रमाणपत्र, नेपाली कामदारको अवस्था, सेवा सुविधा र पारिश्रमिक स्वघोषणासहित मन्त्रालयमा मागपत्र पेश गर्नुको कारणसहित पेश गरेको विवरण फरक परेमा कानूनीरुपमा जिम्मेवार हुने प्रतिबद्धता पेश गर्नुपर्ने उल्लेख छ ।

समितिले विदेशमा नेपाली दूतावास तथा महावाणिज्यदूत नरहेका देश र नेपाली दूतावास तथा महावाणिज्यदूत रहेका भएपनि त्यहाँ फाइल पेश भएको १५ दिनभित्र प्रमाणीकरण नभएका मागपत्र प्रमाणित गर्न निवेदन आएको १० दिनभित्र प्रमाणीकरण गरी वैदेशिक रोजगार विभाग पठाउनुपर्ने व्यवस्था छ ।

कार्यविधिमा मन्त्रालयले मागपत्र प्रमाणीकरण गर्दा खाडी मुलुक र मलेसियाका लागि सयभन्दा कम कामदार भए ४० हजार, १ सय १ र सोभन्दा बढी भए ६० हजार राजस्व तोकेको छ भने पूर्वी एसिया, जापान, कोरिया, इजरायललगायतका मुलुकहरुका लागि सयभन्दा कम कामदार भए ५० हजार, १ सय १ र सोभन्दा बढी भए ७५ हजार राजस्व तोकेको छ । यस्तै युरोप र अन्य मुलुकका लागि सयभन्दा कम कामदार भए ३ सय ५० युएस डलर, १ सय १ र सोभन्दा बढी भए ५ सय युएस डलर राजस्व तोकिएको छ । मागपत्र संशोधनका लागि २० हजार राजस्व तोकिएको छ ।

## संघमा...

कार्यालयमा पुस १६ गते दिउँसो भएको घटना । जिसी साउदी अरबमा रहेको बेला कार्यालयमा तालाबन्दी भएको थियो । तालाबन्दीको नेतृत्व संघका तृतीय उपाध्यक्षले गरेको भनेर सञ्चालक जिसी संघसँग चिडिएका छन् ।

संघमा आइतबार दिउँसो त्यस विषयमा लामो समय छलफल भयो । छलफलमा संघ पदाधिकारी, सञ्चालक जिसीसहितले वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको नेतृत्वमा रहेका व्यवसायीले एक वर्षअघि भएको संघको निर्वाचनका तितामिठा प्रसंगसमेत जोडेर मन नै हलुको हुनेगरी एक अर्काप्रतिका दृष्टिकोण राखे । सबैले आ-आफ्नो तर्फबाट भएका कमीकमजोरीप्रति खुलेर आत्मआलोचना पनि गरे । तर लिखितरुपमा केही भएन ।

छलफलपछि सञ्चालक जिसीले आफ्नो छाता संस्थाबाट भएको व्यवहारको कारणले भएको आत्मसम्मानको घाउ नपुरिएको बताए । आफूले लिखितरुपमा संघसमक्ष आफ्नो भनाइ राखेकोले संघले पनि आफ्नो दृष्टिकोण लिखितरुपमा दिनुपर्ने आफ्नो अडान रहेको सञ्चालक जिसीले बताए । केही दिन लिखित स्वरुपमा संघको भनाइ नआए आफू वैधानिक बाटोबाट अघि बढ्ने उनले बताए ।

उता संघका प्रवक्तासमेत रहेका महासचिव मेघनाथ भुर्तेलले व्यवहारका क्रममा केही तलमाथि भएपनि सिण्डिकेटविरुद्धको संघको अडान र आन्दोलनमा सबै व्यवसायीले कुनै शर्त नराखी साथ दिनुपर्ने भन्दै सञ्चालक जिसीले राखेको लिखित असन्तुष्टिप्रति उचित समयमा जवाफ दिने बताए । संघले सोमबार पत्रकार सम्मेलन राखेको छ । उक्त पत्रकार सम्मेलनमा पनि थप केही धारणा आउन सक्ने उनको भनाइ थियो ।

छलफलमा सहभागी मञ्चका महासचिव कुन्छा दोर्जे दिमदोङले व्यवसायीलाई विभिन्न विषयमा जोड्ने, तर टुंगोमा नपुऱ्याउने प्रवृत्तिले सबैलाई समस्यामा पार्ने अवस्थाको अन्त्य हुनुपर्ने टिप्पणी गरे ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७३/०९/२५ मा दर्ता भएको **प्रा.लि.नं. १६१५६० को यु भिजन इन्जिनियरिङग कन्सल्ट्यान्ट् एण्ड कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०४/०४ मा दर्ता भएको **प्रा.लि.नं. २९४०४०/०७९/०८०** को **नेपाल टेक्स्ट क्यारियर सेन्टर प्रा.लि.** को मिति २०८०/०९/२२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः रमेश हरि अधिकारी, इजाजत पत्र नं. ५४७**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७९/०६/११ मा दर्ता भएको **रिस्पोन्सेयवल नेपाल ट्रेन्स प्रा.लि. (प्रा.लि. नं. २९४०७४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७६/०५/१८ मा दर्ता भएको **प्रा.लि.नं. २२३३२० को शिवाय एजुकेशन फाउण्डेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतारमा रोजगार** | कम्पनीः **AL KHAYAM BAKERY & SWEETS INTL WLL**
शहरः **Doha**
पूर्व स्वीकृत मितिः २०८०/०९/२२ चलानी नं.: ६०२१२७४१ LT. No.:297640

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laabourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Baker | 3 | 0 | | 1300 | ४७,३३३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १ गते (15 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५४१/०७८/०७९
**Pratik Human Resource Pvt. Ltd.**
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092,
Mobile No.: 9813467879, 9810171570
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com

**यूएईमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : **CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION (MIDDLE)LLC** शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०९/२२ चलानी नं.: ६०२१२७४५ LT. No.: 297784

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Carpenter | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION (MIDDLE)LLC** शहरः Dubai
पूर्व स्वीकृत मितिः २०८०/०९/२२ चलानी नं.: ६०२१२७४६ LT. No.: 297785

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac-technician/duct Man | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 3. | Electrician | 100 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 4. | Pipe Fitter | 50 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 5. | Plumber | 100 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १ गते (15 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068
**Sagar Recruitment Pvt. Ltd.**
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

**कतारमा रोजगारको अवसर** | कम्पनी : **INTERNATIONAL MEDICAL CO.**
शहरः **DOHA**
पूर्व स्वीकृत मितिः २०८०/०९/२२ चलानी नं.: ६०२१२७४० L.T. No.: 297696

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 9 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,३३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Clean Worker | 1 | 0 | | 1000 | ३६,४१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १ गते (15 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३
Itahari: 9862360723 | Jhapa: 9806074134

बरहथवा घटना

# स्थानीय प्रशासन र प्रदर्शनकारीबीच ११ बुँदे सहमति

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २२ पुस

सर्लाहीको बरहथवा घटनाका पीडित परिवार र स्थानीय प्रशासनबीच सहमति जुटेको छ । आइतबार साँझ भएको छलफलपछि पीडित र जिल्ला प्रशासनबीच ११ बुँदे सम्झौता भएको हो ।



बरहथवास्थित स्वास्थ्य केन्द्रको सुधारको माग गर्दै भएको प्रदर्शनमा शुक्रबार ३० वर्षीय जयशंकर साहको मृत्यु भएको थियो । त्यसपछि नगरक्षेत्रमा तनाव कायम थियो ।

सहमतिमा उक्त स्वाथ्य चौकीलाई मधेश सरकारलाई हस्तान्तरण गरी ५० शय्याको बनाउने र मृतक शासको नाममा अस्पतालको नामकरण गर्ने उल्लेख छ ।

त्यस्तै मृतकको परिवारलाई रोजगारी प्रदान गर्ने, अस्पताल परिसरमा मृतको शालिक बनाउने, मृतकलाई शहीद घोषणाका लागि संघीय सरकारलाई सिफारिस गर्ने, छानबिनपछि घटनाका दोषी प्रहरी अधिकारीलाई कारबाही गर्ने लगायतका सम्झौता भएका छन् । सहमतिपछि पीडित परिवार मृतक शाहको शव उठाउन सहमत भएको छ ।

# गृह प्रशासन सुधारका लागि सुझाव दिन आह्वान




**काठमाडौं/मस–** गृह मन्त्रालयले गृह प्रशासनअन्तर्गतका निकायको कार्यसम्पादन सुधार र क्षमता विकासका लागि सुझाव माग गरेको छ । गृह मन्त्रालयले गृह प्रशासनअन्तर्गतका निकायको कार्यसम्पादन सुधार र क्षमता विकासका लागि गठित अध्ययन समिति र विषयगत उपसमितिले सुझाव माग गरेको छ ।

कार्यसम्पादन सुधार र क्षमता विकासका लागि सुझाव प्रदान गर्न सार्वजनिक अनुरोध गरिएको गृह प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । मन्त्रालयले पूर्वमुख्यसचिव लिलामणि पौड्यालको नेतृत्वमा उक्त समिति बनाएको छ । समितिले अहिले अध्ययन गरिरहेको छ ।

अध्ययनपछि समितिले गृह प्रशासन सुधारका लागि चाहिने योजना र रायसहितको प्रतिवेदन गृह मन्त्रालयलाई बुझाउने छ । सोही प्रतिवेदनका आधारमा सुधारका काम अघि बढाइने उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले बताएका छन् ।

सुझावमा लागि गृह मन्त्रालयको वेबसाइटमा गएर विषयगतरूपमा विवरण लेखी पठाउन सकिने व्यवस्था मिलाइएको छ । मुख्यगरी स्थानीय प्रशासन सुधार, सशस्त्र प्रहरी सुधार, नेपाल प्रहरी र अध्यागमन सुधारका विषयमा सुझावका लागि विषय राखिएको छ ।

# त्रिवेणीका एक सय सात जना भूमिहीनले पाए जग्गा प्राप्तिका लागि निस्सा



**रुकुम पश्चिम/मस–** रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकाका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबास गर्दै आएका लाभग्राहीले निस्सा प्राप्त गरेका छन् । पालिकामा रहेका एक सय सात जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवास गर्दै आएका लाभग्राहीले निस्सा प्राप्त गरेका हुन् ।

गाउँपालिकाको कार्यालयमा खारानेटामा आइतबार एक कार्यक्रमका बीच २३ जना भूमिहीन दलित, २ जना सकुम्बासी र ८२ जना अव्यवस्थित लाभग्राहीलाई निस्सा प्राप्तका लागि प्रमाणपत्र प्रदान गरिएको राष्ट्रिय भूमि आयोग रुकुम पश्चिमका विज्ञ सदस्य शुशील विष्टले जानकारी दिए ।

उनका अनुसार भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोवास गर्दै आएका व्यक्तिका लागि निस्सा प्राप्त गर्नु भनेको जग्गा प्राप्तिका लागि पहिलो आधार हो । 'भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित रुपमा बसोबास गर्दै आउनुभएका व्यक्तिहरुले जग्गा पाउँ भनेर निवेदन पेश गर्नुभएको थियो । सोही निवेदनका आधारमा उहाँहरुलाई जग्गा प्राप्तिका लागि निस्सा वितरण गरेका छौं । अब दोस्रो चरणमा उहाँहरुले दाबी गरेको जग्गा नापजाँच गर्छौं र तेस्रो चरणमा सबै प्रक्रिया पुगेकाहरुलाई लालपुर्जा वितरण गर्छौं,' उनले भने ।

तर जग्गा प्राप्तिका लागि दाबी विरोधको सूचनामा लाभग्राहीको नाम निश्चित भएर आनुपर्ने हुन्छ । दाबी विरोधमा लाभग्राहीको नाम निश्चित नभएमा भने जग्गा प्राप्त गर्न नसक्ने विज्ञ सदस्य विष्टले जानकारी दिए । अव्यवस्थित बसोबास गर्दै आएका लाभग्राहीले जग्गा पाउने निश्चित भएमा सात हजार वर्गमिटरसम्म जग्गा प्राप्त गर्न सक्ने छन् । भूमिहीन दलित तथा सुकुम्बासीले आवासको लागि तीन सय वर्गमिटर र कृषिको लागि एक हजार वर्गमिटिर जग्गा प्राप्त गर्ने राष्ट्रिय भूमि आयोगका जिल्ला अध्यक्ष मिनबहादुर ओलीले जानकारी दिए ।

उनका अनुसार छनोटमा परेका लाभग्राहीहरुलाई भोगचलन गर्दै आएको जग्गा उपयुक्त भएमा सोही ठाउँकै जग्गा दिने र त्यहाँ उपयुक्त नभएमा भूमि आयोग तथा स्थानीय सरकारको निर्णयअनुसार उपयुक्त ठाउँ खोजेर जग्गा प्रदान गरिने छ । भूमिहीन दलित तथा सुकुम्बासी हाल भाडाको घर तथा अर्काको घरमा बस्दै आएका छन् । जिल्लामा एक हजार आठ सयभन्दा बढी भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोवास गर्दै आएका लाभग्राहीले जग्गाको लागि निवेदन दिएको बताइएको छ ।

त्रिवेणी गाउँपालिकाबाट शुरु भएको निस्सा वितरण कार्यक्रम जिल्लाका ६ वटै स्थानीय तहमा सञ्चालन गरिने राष्ट्रिय भूमि आयोगका अध्यक्ष ओलीले जानकारी दिए ।

त्रिवेणी गाउँपालिकाका अध्यक्ष तथा स्थानीय सहजीकरण समितिका संयोजक गनेशकुमार केसीको अध्यक्षतामा भएको निस्सा वितरण कार्यक्रमा राष्ट्रिय भूमि आयोगका जिल्ला अध्यक्ष ओलीको प्रमुख आतिथ्यता रहेको थियो । त्यस्तै विज्ञ सदस्य विष्ट, गाउँपालिका उपाध्यक्ष राजकुमारी रेउले, प्रमुख प्रशासकीय अधिकृत प्रेमबहादुर घर्ती, दश वटै वडाका वडा अध्यक्षलगायत राजनीतिक दलका प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

# नेपाल एयरलाइन्सका परिचारक र परिचारिकालाई सेवा सुविधामा विभेद नगर्न आदेश




**काठमाडौं/मस–** सर्वोच्च अदालतले नेपाल वायुसेवा निगममा कार्यरत विमान परिचारक र परिचारिका (क्याबिन क्रु) लाई सेवा सुविधाका आधारमा कुनै पनि विभेद नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले आइतबार निगमका नाममा परिचारिक र परिचारिकालाई सेवा सुविधामा फरक पर्ने गरी कुनै पनि कदम नचाल्न अन्तरिम आदेश गरेको हो । निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवाली, अधिवक्ताहरु अनन्तराज लुइँटेल, कीर्तिनाथ शर्मा पौडेल, लीलाधर उपाध्याय, प्रतिभा उप्रेती, विशाल थापालगायतले बहस गरेका थिए ।

अदालतले निवेदकहरु करारका कर्मचारी भएकाले कारबाही गर्ने, करार भंग गर्ने तथा सेवा सुविधामासमेत हस्तक्षेप गर्न सक्ने कुनै पनि काम नगर्न भनेको छ ।

निगममा कार्यरत सबै विमान परिचारक र परिचारिकाले आफूहरुमाथि अन्याय र विभेदपूर्ण व्यवहार भएको उल्लेख गर्दै यही पुस १८ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । वरिष्ठ विमान परिचारिका प्रजिता कार्कीसहित एक सय ३५ जनाले सामूहिकरुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल वायुसेवा निगमलाई विपक्षी बनाइ रिट निवेदन दायर गरेका थिए ।

रिटमा आफूहरुमाथि विभेदकारी व्यवहार भएको, सेवा-सुविधामा कानुन विपरीत विभेदको नीति ल्याएको भन्दै त्यस्ता प्रावधान खारेजीको माग गरिएको छ । रिट निवेदनमा निगमका कर्मचारीहरुको सेवा, सर्तसम्बन्धी कानुनमा भएको व्यवस्थाले विमान परिचारक र परिचारिकालाई अन्य कर्मचारीभन्दा विभेदपूर्ण व्यवहार गरी दोस्रो दर्जाको कर्मचारीको व्यवहार गरिएको दाबी गरिएको छ ।

कर्मचारीको अवकाश उमेर ५८ वर्ष कायम गरेकोमा विमान परिचारक र परिचारिकाको हकमा ४० वर्षमा अवकाश दिने, एक महिनाको तलब दिएर जहिल्यसुकै हटाउन सक्ने, सेवा अवधिभर करारको करार नै राखी अवकाश गराउने र उपदान पनि नदिनेलगायतका प्रावधानको बदर रिट निवेदनमा माग गरिएको छ ।

# 'प्रहरी र नागरिकबीचको सम्बन्ध सुमधुर हुनुपर्छ'



**काठमाडौं/मस–** उच्च अदालत कास्कीका मुख्य न्यायाधीश माधवप्रसाद पोखरेलले समाजमा शान्ति सुरक्षा लगायत अपराध अनुसन्धान तथा नियन्त्रण गर्न प्रहरी र नागरिकबीचको सम्बन्ध सुमधुर हुनुपर्ने बताएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराद्वारा संयुक्त रूपमा आयोजित गण्डकी प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी २०८० मा पोखरेलले प्रहरीले अपराध अनुसन्धानलाई थप प्रभावकारी बनाउनका लागि समयसापेक्ष नयाँ प्रविधिहरूको प्रयोगमा जोड दिँदै जानुपर्ने बताए ।

गोष्ठीलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले साधन स्रोतको सीमितता, भूगोलको जटिलता र विविध चुनौतीहरूका सामना गर्दै प्रदेशमा घटित विविध घटनाहरूको सफल अनुसन्धान गरी कानूनी राज्यको प्रत्याभूति दिलाउनमा प्रदेशमा कार्यरत प्रहरी कर्मचारीहरूले निभाएको भूमिकाको प्रशंसा गरे । अपराध अनुसन्धानलाई वैज्ञानिक, व्यवस्थित एवम् प्रमाणमुखी बनाई न्यायिक प्रकृयामा सही, निष्पक्ष र पूर्ण व्यावसायिक भइ कार्य सम्पादन गर्न अपराध प्रवृत्ति एवम् तथ्यांकहरूलाई समेत केन्द्रबिन्दुमा राखी योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने उनले बताए ।

प्रहरी महानिरीक्षक कुँवरले प्रभावकारी र वस्तुनिष्ठ अनुसन्धानको लागि ज्ञान, सीप, दक्षता, अनुभव, अथक लगाव र दृढ संकल्पका अतिरिक्त सरोकारवाला निकाय र समाजसँगको सहकार्य र समन्वय समेत महत्वपूर्ण रहेको बताए । पीडित तथा साक्षी संरक्षणको सुनिश्चितता, मानवअधिकारको संरक्षण, महिला तथा बालबालिका विरुद्धको हिंसाजन्य घटनाको अनुसन्धानमा थप संवेदनशिल भइ शून्य सहनशीलतालाई गम्भीरताका साथ मनन गर्न प्रहरी कर्मचारीहरूलाई उनले निर्देशन समेत दिए ।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङ, मुख्य न्यायाधिवक्ताको कार्यालय पोखराका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेल र स्थानीय न्यायिक समितिका संयोजक पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जु गुरुङले आ-आफ्नो मन्तव्य व्यक्त गर्दै गोष्ठीको महत्वबारे चर्चा गरेका थिए । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायव महानिरीक्षक बुद्धिराज गुरुङले धन्यवाद ज्ञापन गरेको उक्त गोष्ठीमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक बसन्त रजौरेले स्वागत मन्तव्य एवं गोष्ठीको औचित्यबारे प्रकाश पारेका थिए ।

# विमानस्थलबाट १ किलो ३०० ग्राम सुन बरामद



**काठमाडौं/मस–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एक किलो तीन सय ग्राम अवैध सुनसहित एकजना महिलालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा फ्लाइ दुबईको उडान नम्बर एफजेड ५७३ बाट गएराति १ बजे काठमाडौं आएकी ५४ वर्षीया श्रीलंकाली नागरिक कान्थी माथी कावस्कर रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सुरक्षा प्रमुख तथा प्रहरी नायब महानिरीक्षक अर्जुन चन्दले जानकारी दिए ।

उनका अनुसार राहदानी नम्बर ८१५१३८५ भएकी निज महिलाले लगाएको ब्राभित्र प्लाष्टिकले बेरेको अर्धठोस सुन दुई पोका तौल पाँच सय ग्राम तथा लगाएको कट्टुभित्र आठ सय ग्राम सुन गरी कुल एक किलो तीन सय ग्राम सुन बरामद गरिएको हो । उक्त विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**फिस्टेल ओभरसिज प्रा.लि.को अत्यन्तै जरुरी सूचना**

विगतका दिनदेखि नै यस कम्पनीका सञ्चालक अध्यक्ष श्री रेशम राज लामिछानेज्यूले यस संस्थालाई बद्नाम हुने गरी वैदेशिक रोजगारको कार्य गरी कम्पनीको चेक र कम्पनीको सञ्चालकको साझेदारी बैंक खाताको चेकसमेतको दुरुपयोग गरेको व्यहोरा अवगत भएकोले यस कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को साझेदार खाता बन्द गरिसकेको र कम्पनीको प्राइम बैंकको खाता पनि रोक्का गरीएकोले यस संस्थासँग कुनै पनि आर्थिक कारोबार छ भने यस कम्पनीको आधिकारिक लेखा शाखाबाट भएको कारोबार मात्र मान्य हुने र यस कम्पनीको कुनै पनि आर्थिक कारोबार लेखा शाखाबाट गर्नुहुन सबैमा जानाकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । अन्यथा भएको कारोबारमा यस कम्पनी जिम्मेवार नहुने व्यहोरा पनि यसै सूचनामार्फत सबैमा सूचीत गरिन्छ ।

FISHTAIL OVERSEAS PVT. LTD.
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757
Govt. Lic. No. 1286/074/075

**Shree Janata Model Secondary School, Gurungchauri**
**Belaka-04, Udayapur**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**First Date of Publication: January 08, 2024 (2080.09.23)**

1. Shree Janata Model Secondary School, Gurungchauri, Udayapur invites electronic bids from eligible bidders for the following work.

| S.N. | Contract Identification Number | Description of Work | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Estimated Amount (Inclusive of VAT and PS) |
|---|---|---|---|---|---|
| 1 | JMSS/UDA/W/NCB/02/2080-081 | Construction of Shree Janata Model Secondary School Building, Belaka-04,Udayapur | 2,50,000 | 3,000 | 1,05,44,975.69 |

| | |
|---|---|
| Date, time and place of pre- bid meeting | **January 31, 2024 (2080.10.17) 11:00 hours.** |
| Deadline for bid submission | **February 07, 2024 (2080.10.24) till 12:00 hours.** |
| Date, time and place of bid opening | **February 07, 2024 (2080.10.24) 13:00 hours at** Shree Janata Model Secondary School, Gurungchauri |
| Bank Account details for bid document fee | **System Account Name:** Shree Janta Namuna Madhyamik Bidhyalaya<br>**Account no.:** 0770097225600003<br>**Name of Bank:** Kumari Bank Limited, Belaka Branch |
| Account details for bid security amount | **System Account Name:** Shree Janta Namuna Madhyamik Bidhyalaya<br>**Account no.:** 0770097225600002<br>**Name of Bank:** Kumari Bank Limited, Belaka Branch |

2. Interested eligible bidders may obtain further information from Shree Janata Model Secondary School, Gurungchauri, Udayapur at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Principal**
**Shree Janata Model Secondary School**



मध्यान्ह
www.madhyanhadaily.com
२३ पुस २०८०, सोमबार
8 January 2024, Monday

## सम्पादकीय

### भयको शासन !

सर्लाहीको बरथवामा गत १९ पुसमा प्रहरीको गोली लागेर मृत्यु भएका स्थानीय व्यवसायी जयशंकर साहको शव तीन दिनपछि उठाइएको छ । प्राथमिक अस्पताल स्तरोन्नतिको विषयलाई लिएर भएको प्रदर्शनमा प्रहरीको गोली लागेर साहको मृत्यु भएको थियो । साहको मृत्युपछि लगातार स्थानीयको प्रदर्शन भइरहेको थियो । आइतबार ११ बुँदे सहमतिपछि मृतकका परिवार शव उठाउन तयार भयो । सहमतिअनुसार, साहको परिवारलाई सरकारले दश लाख दिनेछ भने मृतक परिवारलाई रोजगारीको प्रबन्ध मिलाउने प्रक्रिया अगाडि बढाइनेछ । प्रहरीकै गोली लागेर मृत्यु भएको यो एक महिनामै चौथो घटना हो । गत १३ पुसमा मात्रै ललितपुरको बालकुमारीमा दुई युवकको ज्यान गएको थियो । कोरिया भाषा परीक्षामा सामेल हुन पाउनुपर्ने मागसहित भएको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा अछाम र दैलेखका दुई युवकको ज्यान गएको थियो ।

यो घटनालाई लिएर देशभर प्रदर्शन भयो । गृहमन्त्री र श्रममन्त्रीको राजीनामा मागियो । तर ललितपुर प्रशासनका अधिकारीलाई बर्खास्त गरेर सरकार पञ्छियो । यो घटनामा उच्च स्तरीय छानबीन आयोग गठन गरेको सरकारले मृतक युवाहरूलाई शहीद घोषणाको प्रक्रिया अगाडि बढाउने, मृतक परिवारलाई दश लाख दिने र त्यस परिवारका एक जनालाई रोजगारीको व्यवस्था मिलाउने प्रतिबद्धता जनाएको छ । प्रहरीको गोली लागेर गत २७ मंसिरमा पनि बारा सिम्रौनगढमा एक नागरिकको ज्यान गएको थियो । प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउन दिने वा नदिने भन्ने पक्षबीच प्रदर्शन हुँदा प्रहरीले गोली चलाएको थियो ।

प्रदर्शन रोक्न प्रहरीले चलाएको गोली लागेर एक महिनामै चार जनाको ज्यान जानुलाई संयोग मात्रै मान्न सकिदैन । प्रहरी प्रमुखले संसदीय समितिमा ज्यानै जानेगरी गोली चलाउनुलाई कमजोरी भनेका छन् । गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि कमजोरी स्वीकारेका छन् । तर भीड नियन्त्रण गर्ने अरू विकल्प बाँकी हुँदाहुँदै ज्यान जानेगरी शृङ्खलाबद्ध गोली चलिरहेको छ । यसप्रति सरकार गम्भीर हुन आवश्यक छ । त्यसैपनि सरकारप्रति नागरिकको विश्वास कमजोर भइरहेको छ । यस्तो बेला पर्याप्त विकल्प बाँकी रहँदै गोली चलाउँदा सरकारमाथि संकट आउन सक्ने संभावना हुन्छ नै, सँगै नागरिकको जीवन रक्षा गर्न राज्य असफल भएको सन्देश पनि जानेछ । बुझ्नुपर्ने तथ्य हो– नागरिकको जीवन रक्षा गर्न सरकारले सक्दैन भन्ने स्थापित भयो भने समाज डरलाग्दो अराजकतातिर बढ्ने संभावना हुन्छ ।

# नेपालको शिक्षा प्रणालीमाथि प्रश्न

अग्रलेख



● दिनेश अर्याल

मानवलाई सहज जीवनयापन गराउन, इच्छा, आवश्यकताहरू पूरा गर्न, सुखी, शान्त, आत्मनिर्भर र समृद्ध जीवनयापनलगायतका लागि अपरिहार्य चिज हो शिक्षा । प्राविधिक होस् या अप्राविधिक । यसले मानिसलाई सहज र एउटा श्रेणीको जीवन जिउने आधार प्रदान गरेको हुन्छ । त्यस्तै, राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने एउटा आधार भनेकै शिक्षा हो ।

विश्वको धेरै परिवेश र नेपालको पनि व्यवस्था हेर्यौं भने शिक्षालाई तह-तहमा वर्गीकरण गरिएको छ । जस्तो कि, प्राथमिक तह, आधारभूत तह, माध्यमिक तह र सोभन्दा माथिका उच्च शिक्षा । विगतको तथ्यांकलाई अध्ययन गर्ने हो भने विश्वविद्यालयहरूमा विद्यार्थीहरूको चाप उच्च थियो, भर्नाका लागि प्रतिस्पर्धा पनि हुन्थ्यो । मुख्यतयाः राजनीतिक, आर्थिक कारणले नेपालमै उच्च शिक्षा लिनमा विद्यार्थीहरूको विकर्षण बढेको छ ।

उच्च शिक्षामा विद्यार्थीहरूको विकर्षणले यस्तो देखाउँछ कि नेपालमा अब शिक्षा पढेर भविष्य बन्नेवाला छैन । नेपालमा करियर छैन, भविष्य छैन, पढेर सकेपछि पनि बेरोजगार नै रहनुपर्छ । प्रतिस्पर्धा धेरै छ । एउटा उदाहरण दिउँ, स्नातकोत्तर (मास्टर डिग्री) सकेर बसेको एउटा विद्यार्थी खरिदार (एसएलसी)ले दिन पाउने परीक्षा दिइरहेको हुन्छ । प्राविधिक पढेर सकेका जनशक्तिहरू केही सीप नलागेर कोरियन भाषाको फर्म भर्ने ठाउँ, खाडी देशहरूमा जानका लागि अन्तर्वार्तामा लाइन लागेर बसेको धेरै देख्न सकिन्छ ।

जीवनको झन्डै २७-२८ वर्ष नेपालमा पढेर बिताएका लाखौं विद्यार्थीहरूको भविष्य अन्यौल छ । कैयौं बेरोजगार छन् । कलेजको मार्कसिट बिक्ने ठाउँ कतै पनि बाँकी छैन । यस्तो अवस्थाले के सिर्जना गर्ला ?

कलेजमा आएका विद्यार्थीहरू पनि स्नातक तहमा टिकेका छैनन् । १२ कक्षा उत्तीर्ण ५० प्रतिशत विद्यार्थीको रोजाइ विदेश छ । कक्षा एकमा भर्ना भएका विद्यार्थी संख्याबाट गणना गर्दा स्नातक तहको भर्नादर लगभग १५ प्रतिशत रहेको छ । यस्तो तथ्यांक केलाउँदा नेपालमा उच्च शिक्षाको बिचल्ली छ । नेपालमा शिक्षाको सम्भावना छैन, विद्यार्थीहरूका लागि यस्तो लाग्छ कि यहाँ पढेर भविष्य उज्यालो छैन, बरु अन्धकार छ ।

नेपालमा शिक्षाको सम्भावना छैन भनिरहँदा कारण केलाउनुपर्ने हुन्छ । मूलतः नेपालमा विद्यमान प्रचलित हालको उच्च शिक्षा समय सान्दर्भिक छैन । व्यवहारिक र प्रयोगात्मक शैलीको छैन । शिक्षा समयअनुसार परिवर्तन हुन नसक्नु नेपाल र नेपाली विद्यार्थीका लागि एकदमै गम्भीर विषय हो । शिक्षा प्रणाली परम्परागत शिक्षण प्रणालीबाट लम्कन सकेको छैन । जसको कुनै व्यावहारिक प्रयोग हुन सक्दैन । अर्थात् थुप्रै डिग्रीहोल्डर पनि बेरोजगार नै रहनुपर्ने बाध्यता हामीकहाँ छ ।

त्यसो त नेपालमा गुणस्तरीय प्राविधिक एवं व्यावसायिक उच्च शिक्षा प्रदान गर्न आवश्यक भौतिक एवम् डिजिटल पूर्वाधार, दक्ष जनशक्ति र शिक्षापछिको रोजगारीका अवसर सिर्जनाका लागि ठूलो लगानी आवश्यक रहेको देखिएको छ । तर, उपलब्ध स्रोत, साधन बजेटको उच्च प्रतिफल आउने हिसाबमा परिचालन गरेर शिक्षा प्रणालीमा सुधार गर्दै विद्यार्थीको आकर्षण केन्द्र बनाउन भने सकिन्छ ।

विद्यार्थी बाहिरिने समस्या तथा देशका लागि दक्ष जनशक्ति उत्पादन नहुनु या उत्पादनको अनुपात घट्दै जानु राज्यका लागि एकदमै खतराको घन्टी बज्ने संकेत हो । यसका लागि तत्कालिन, अल्पकालिन तथा दीर्घकालिन रणनीति बनाएर कार्यान्वयन गर्नुको कुनै विकल्प छैन ।

